# बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५

| लालमोहर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१५।८।११ | २०१५।८।१८ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| २. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६⬅ | २०६६।१०।७ |
| ४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०१५ सालको ऐन नं. १९

[2]................

बिर्तावालले रकम लिन खान नपाउने गर्नको निमित्त बनेको ऐन

बिर्ता जग्गाको बाली बाहेक अरु रकम बिर्तावालहरुले लिन खान नपाउने गर्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः (१) यो ऐनको नाम "बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⬅ यो ऐन संवत् २०६५ साल जेठ१५ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बिर्ता" भन्नाले जम्मै वा केही मालपोत माफी खान पाउने गरी पाएको सबै किसिमका माफी जग्गालाई सम्झनु पर्छ ।

(ख) "बिर्तावाल" भन्नाले खण्ड (क) बमोजिमको जग्गाको माफीवाला धनीलाई सम्झनु पर्छ ।

(ग) "बाली" भन्नाले,–

(१) बिर्ता जग्गा कमाउनेले बिर्तावाललाई बुझाउनु पर्ने जग्गैलाई लागेको कूत तिरो, वा

(२) बिर्तावाल आफैले कमाएको भए सो जग्गामा उब्जेको बाली सम्झनु पर्छ ।

(घ) "रकम" भन्नाले भट्टी, चर्सा र यस्तै किसिमका अरु रकमलाई सम्झनु पर्छ ।

३. <u>बिर्तावालले बिर्तामा रकम लगाई खान मनाईः</u>(१) आर्थिक साल २०११–२०१२ देखि बिर्तावालले बिर्ता जग्गाको बाली बाहेक बिर्तामा कुनै किसिमको रकम लगाई वा बन्दोबस्त गरी लिन खान हुँदैन । तर आर्थिक साल २०११–२०१२ देखि २०१२–२०१३ सम्मका रकमको आम्दानीमा ६५ प्रतिशत बिर्तावालले पाउने छन् ।

(२) उपदफा (१) बमोजिम बिर्तावालले लिन खान नपाउने भएको रकम वा रकमको आम्दानी नेपाल सरकारको हुनेछ र त्यसको बन्दोवस्त वा असुल तहसिल नेपाल सरकारबाटै हुनेछ ।

तर नेपाल सरकारबाट बन्दोवस्त वा असुली तहसिल नहुँदै बिर्तावाल तर्फबाटै भोग वा चलन बन्दोवस्त भइसकेको रकम जतिमा आर्थिक साल २०१२–२०१३ सम्मको ३५ प्रतिशत र आर्थिक साल

२०१३-२०१४ देखि पूरै आम्दानी आदेशद्वारा तोकिएका म्यादभित्र बिर्तावालले नेपाल सरकारमा दाखिल गर्नु पर्नेछ ।

४. मिति नपुगेको ठेक्का नेपाल सरकारमा सर्ने:अघि बिर्तावाल तर्फबाट बन्दोवस्त भएको ठेक्काको अन्तिम मिति यो ऐनको प्रारम्भ मितिसम्म भुक्तान भइसकेको रहेनछ भने त्यस्तो ठेक्का जति नेपाल सरकारमा सर्नेछ ।

तर सो ठेक्का रीतपूर्वकको नदेखिएमा वा प्रमाणित नभएमा वा ३ वर्ष भन्दा बढी समयको अवधि तोकिएको मान्य हुने छैन ।

५. सजाय:यो ऐन प्रारम्भ हुनुभन्दा अघिको ठेक्का वा ठेक्काको मिति वा अङ्क झुट्टा देखाउने वा कुनै किसिमबाट पनि नेपाल सरकारको नोक्सान पर्ने वा त्यस्तो उद्योग गर्ने अथवा दफा ३ बमोजिम आम्दानी दाखिल नगर्नेलाई बिगो बमोजिमसम्म जरिबाना वा १ वर्षसम्म कैद वा दुवै हुनेछ र त्यस्ताबाट सरकारी बिगो पनि असुल उपर गरिनेछ ।

६. मुद्दा हेर्ने अधिकार:(१) यस ऐन अन्तरगत रकम सम्बन्धी कुरा परी आएमा नेपाल सरकारसँग सम्बन्ध पर्ने जति ☑प्रमुख जिल्ला अधिकारीले ठाडो कारबाई गरी निर्णय गर्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कारबाईको सम्बन्धमा ☑प्रमुख जिल्ला अधिकारीलाई अदालतको सबै अधिकार प्राप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारसँग सम्बन्धित कुनै कुरामा अदालतमा सवाल जवाफहुने छैन ।

➔७. पुनरावेदन:यस ऐन बमोजिम ☑प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले ▣जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

८. खारेजी र क्षतिपूर्तिको दावा नलाग्ने:यस ऐन अन्तर्गत रकमको सम्बन्धमा कुनै व्यक्तिले लिन खान पाउने गरी कुनै सनद लिखतपत्रहरु केही

---

☑ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

➔ न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा संशोधित ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२द्वारा संशोधित।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

भैराखेको भए त्यस्ता सनद लिखतपत्रहरु आर्थिक साल २०११–२०१२ देखि खारेज भएको मानिनेछ र सो रकम सरकारी भएकोमा कुनै क्षतिपूर्तिको दाबा गर्न पाइने छैन ।

९. बाधा फुकाउने अधिकारः यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले ती बाधा अड्काउ फुकाउनका लागि राजपत्रमा सूचना प्रकाशन गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्ता हरएक आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

१०. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वित गर्नलाई नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

११. यो ऐन र यस अन्तरगत बन्ने नियममा नलेखिएकोमा गर्नेः यो ऐन र यस अन्तर्गत बन्ने नियममा लेखिएको जति कुरामा यही ऐन र नियममा लेखिए बमोजिम र अरुमा प्रचलित कानून बमोजिम गर्नु पर्छ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

*(मिति २०८१।११।१९ गते अद्यावधिक गरेको)*